नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाइ तथा वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई नवीकरण तथा सूचीकरणका लागि सिलबन्दी प्रस्ताव पेस गर्नेसम्बन्धी सूचना

**(दफा ३३ को उपदफा (३) सँग सम्बन्धित)**

प्रकाशित मिति : २०८३।०६।३०

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ बमोजिम नेपाल सरकार, शिक्षा तथा तथा खेलकुद मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३।०६।०१ को निर्णयानुसार शैक्षिक सत्र २०८४ का लागि देशभर कक्षा १, २ र ४ का पाठ्यपुस्तक र पाठ्यसामग्री निजी क्षेत्रका मुद्रक तथा वितरकहरूबाट छपाइ गरी बिक्रीवितरण गर्ने प्रयोजनार्थ शैक्षिक सत्र २०८३ का लागि अनुमति पाएका फर्म/संस्था/कम्पनीलाई नवीकरण गर्न तथा थप सूचीकृत हुन इच्छुक मुद्रक तथा वितरकले आफ्नो प्रोफाइलसहित यस केन्द्रबाट तोकिएको ढाँचामा तपसिलबमोजिम सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**१. छपाइको विवरण**

**समूह क :** कक्षा १, २ र ४ का पाठ्यपुस्तकहरू

**समूह ख :** विद्यालय तहका पाठ्यक्रम, पाठ्यसामग्री, पाठ्यक्रम कार्यान्वयन निर्देशिकाहरू, शिक्षक निर्देशिकाहरू, परम्परागत तथा मातृभाषाका पाठ्यपुस्तकहरू तथा सन्दर्भ सामग्रीहरू र केन्द्रबाट प्रकाशित अन्य सामग्रीहरू

**२. सिलबन्दी प्रस्ताव फाराम दस्तुर पेस गर्ने अन्तिम मिति र खोल्ने मिति तथा स्थान**

| **पेस गर्ने अन्तिम मिति, समय र स्थान** | **खोल्ने मिति, समय र स्थान** |
|---|---|
| २०८३।०७।२० गते दिउँसो बाह्र बजेभित्र<br>पाठ्यक्रम विकास केन्द्र, सानोठिमी | २०८३।०७।२० गते दिउँसो दुई बजे<br>पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |

सिलबन्दी प्रस्ताव फारामसाथ राजस्व खाता नं. ००१०१००००००००१००१००१, पाठ्यक्रम विकास केन्द्र, कार्यालय कोड ३५००२३३०१, राजस्व शीर्षक न. १४२२९ मा फाराम दस्तुर रु. (फिर्ता नहुने) रु. १०००।– (अक्षरेपि एक हजार मात्र) जम्मा गरी सोको भौचरसमेत संलग्न गर्नुपर्ने छ ।

**३. छपाइ गर्ने कागजको स्पेसिफिकेसन विवरण**

| S.N. | Specification | Required Specification |
|---|---|---|
| 1. | Grammage | 70 gsm ± 3% |
| 2. | Thickness | 83-100 Microns |
| 3. | Bendtsen smoothness | ml/min. 100 to 150 |
| 4. | Gurley porosity | second per 100ml maximum 15 |
| 5. | Cobb Value Gm2 | 20 |
| 6. | Moisture content | 4-6 % |
| 7. | Brightness | 90 % + (minimum) |
| 8. | Opacity | 90 % + (minimum) |
| 9. | Text and cover colour | Four |
| 10. | Text paper quality | Wood free |
| 11. | Cover paper quality (grades 1 & 2) | 250 gsm Art board |
| 12. | Cover paper quality (grade 4) | 200 gsm Art board |
| 13. | Binding | Stitch and glue binding |
| 14. | | *The paper must be in uniform formation, evenly finished, and free from specks, holes, scraps, torn, creased sheets, baggy stocks, and other blemishes.* |

**४. प्रोफाइलसहितको प्रस्तावमा संलग्न गर्नुपर्ने कागजातको विवरण**

(क) संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण/अद्यावधिकसहित)
(ख) आयकर तथा मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
(ग) सम्बन्धित संस्थाबाट छपाइ भई बजारमा मौज्दात रहेका पाठ्यपुस्तकहरूको (कक्षागत र विषयगत रूपमा) विवरण
(घ) वितरण प्रणाली, भण्डारण व्यवस्था, गोदाम क्षमता तथा वितरण सञ्जाल
(ङ) छपाइ गर्न चाहेको पुस्तक, छपाइ गरी वितरण गरिने प्रदेशगत जिल्ला र छपाइ गर्ने अनुमानित पुस्तक सङ्ख्या

(च) कक्षा १ र २ का पाठ्यपुस्तक २१ से.मि.x२८ से.मि. र कक्षा ४ का पाठ्यपुस्तक १८ से.मि.x२४ से.मि. आकारमा बहुरङमा छपाइ गर्नुपर्ने भएकाले उक्त कार्यका लागि उपयुक्त प्रेसको किसिम र क्षमता (साइज, छपाइ प्रेसको नाम, उत्पादक कम्पनी, मोडेल, छपाइ क्षमता आदि) खुल्ने विवरण

(छ) गत आर्थिक वर्षको आर्थिक कारोबारको विवरण तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि (वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहसहितको)

(ज) छपाइ तथा वितरण कार्यमा संलग्न जनशक्तिको विवरण

(झ) मुद्रण वा वितरण कार्य अरू संस्था वा फर्मसँग मिली गर्ने भए सो संस्था र प्रस्तावक मुद्रक तथा वितरकबिच भएको सम्झौताको प्रतिलिपि

(ञ) मुद्रण तथा वितरणको विस्तृत कार्यतालिका (२०८३ चैत्र १५ गतेसम्म पाठ्यपुस्तक पुऱ्याउने सुनिश्चितता हुनेगरी)

(ट) छपाइ गरेका पाठ्यपुस्तक देशभरि बिक्रीवितरण प्रतिबद्धताको सुनिश्चितता गर्ने कागजात

(ठ) गत आ.व. मा यसै खालका कामको जिम्मेवारी लिएको भए सोको प्रगति विवरण प्रतिवेदन

५. सिलबन्दी प्रस्ताव तोकिएको मिति, समय र स्थानमा उपस्थित प्रस्तावदाताको रोहबरमा खोलिने छ तर दरभाउपत्रदाता उपस्थित नभएको कारण प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. प्रस्ताव पेस गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोलेको दिनलाई नै अन्तिम दिन मानिने छ ।

७. कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ ।

८. सूचनासम्बन्धी विस्तृत विवरण र **सिलबन्दी प्रस्ताव पेस गर्न आवश्यक फाराम** केन्द्रको वेबसाइट www.moecdc.gov.np बाट प्राप्त गर्न सकिने छ।